# एकाइ 9 · पदार्थ

**कार्यपत्र**

पूर्णाङ्क 31

नाम ______________________ कक्षा ________ रोल नं. ______ मिति ____________ प्राप्ताङ्क _____ / 31

## 1 मुख्य शब्द [4]

कोठाका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको 0.5 अङ्क छ।

**अवयव  आसवन  कोलोइड  घुलित पदार्थ  घोलक पदार्थ  पिँध  मिश्रण  वाष्पीकरण  समान  सस्पेन्सन**

दुई वा दुईभन्दा बढी पदार्थ भौतिक रूपमा मिलेर बनेको पदार्थलाई ______________ भनिन्छ। मिश्रण बनाउने पदार्थलाई मिश्रणका ______________ भनिन्छ। ______________ मिश्रणमा अवयवहरू समान रूपले मिसिएका हुन्छन्। ______________ विधि प्रयोग गरेर गाउँघरमा रक्सी बनाइन्छ। सेन्ट्रिफ्युजिङ विधिमा गह्रौँ पदार्थ परीक्षण नलीको ______________मा जम्मा हुन्छन्। घोलमा घुल्ने पदार्थलाई ______________ र त्यो पदार्थ घुल्ने पदार्थलाई ______________ भनिन्छ। दुध, गम (गुँद) र रगत ______________ हुन्।

## 2 चित्रको नामाङ्कन [3]

चित्रमा आसवन विधिबाट नुनपानीबाट शुद्ध पानी निकालेको देखाइएको छ। 1 देखि 6 सम्मका अङ्कले जनाएका भागको नाम लेख्नुहोस्। प्रत्येकको 0.5 अङ्क छ।




1. ______________  2. ______________
3. ______________  4. ______________
5. ______________  6. ______________

## 3 बहुवैकल्पिक प्रश्न [5]

तलका प्रश्नको सही विकल्प छनोट गर्नुहोस्।

**i.** कुन मिश्रणमा अवयवहरू समान रूपले मिसिएका हुन्छन्? [1]

**क.** बालुवा र पानी
**ख.** भुस मिसिएको चामल
**ग.** नुनपानी
**घ.** धमिलो पानी

**ii.** दिइएकामध्ये असमान मिश्रण कुन हो? [1]

**क.** चिनीपानी
**ख.** सोडा पानी
**ग.** नुनपानी
**घ.** धमिलो पानी

**iii.** दहीबाट नौनी निकाल्न कुन विधि प्रयोग गरिन्छ? [1]

**क.** आसवन
**ख.** सेन्ट्रिफ्युजिङ
**ग.** वाष्पीकरण
**घ.** क्रोमाटोग्राफी

**iv.** अस्पतालमा पिसाब र रगतमा मिसिएका रसायन छुट्याएर पहिचान गर्न कुन विधि प्रयोग गरिन्छ? [1]

**क.** आसवन
**ख.** सेन्ट्रिफ्युजिङ
**ग.** मणिभीकरण
**घ.** क्रोमाटोग्राफी

**v.** एक गिलास नुनपानीमा घुलित पदार्थ कुन हो? [1]

**क.** नुन
**ख.** पानी
**ग.** गिलास
**घ.** नुनपानी

## 4 ठिक कि बेठिक? [2]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको 0.5 अङ्क छ।

i. वायु विभिन्न ग्याँसको मिश्रण हो। ☐

ii. नुनपानीको घोल असमान मिश्रण हो। ☐

iii. सेन्ट्रिफ्युजिङ विधिबाट रङहरू छुट्याउन सकिँदैन। ☐

iv. रक्तकोष छुट्याउन सेन्ट्रिफ्युजिङ विधि अपनाइन्छ। ☐

## 5 अति छोटो उत्तर [3]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

**क.** मिश्रण भनेको के हो? [1]

**ख.** पानी, कागतीको रस र चिनी मिलाएर बनाइएको सर्बतमा घोलक पदार्थ कुन हो? [1]

**ग.** नुनपानीबाट नुन छुट्याउन कुन विधि प्रयोग गरिन्छ? [1]

## 6 छोटो उत्तर [8]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

**क.** समान मिश्रण र असमान मिश्रणबिच कुनै दुई फरक लेख्नुहोस्। [2]

**ख.** घोलक पदार्थ र घुलित पदार्थबिच कुनै दुई फरक लेख्नुहोस्। [2]

**ग.** कारण दिनुहोस्: विभिन्न प्रकारका रङको मिश्रणलाई क्रोमाटोग्राफी विधिबाट छुट्याइन्छ। [2]

**घ.** खोलाको धमिलो पानी र नुनपानीमध्ये कुनलाई असमान मिश्रण भनिन्छ? तर्क दिनुहोस्। [2]

## 7 लामो उत्तर [4]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

सेन्ट्रिफ्युजिङ विधि कहाँ र किन प्रयोग गरिन्छ? यसका कुनै तीन उपयोग लेख्नुहोस्।

## 8 सोच्नुहोस् [2]

सोचेर उत्तर लेख्नुहोस्।

तपाईँलाई एउटा गिलासमा नुनपानी र अर्को गिलासमा शुद्ध पानी दिइएको छ। नचाखीकन यीमध्ये शुद्ध पानी कुन हो भनेर छुट्याउनुपर्‍यो भने के गर्नुहुन्छ? मिश्रण छुट्याउने विधिका आधारमा लेख्नुहोस्।

## 9 क्रियाकलाप: घोल, कोलोइड कि सस्पेन्सन? (तालिका 9.1) (अङ्क नदिइने)

नुनपानी, दुध र धमिलो पानीको अवलोकन र परीक्षण गर्नुहोस्। तालिका भर्नुहोस्।

| मिश्रण | नाङ्गो आँखाले देख्न सकिने? | प्रकाश छिर्ने? | फिल्टर पेपरले छुट्याउन सकिने? |
|---|---|---|---|
| नुनपानी | | | |
| दुध | | | |
| धमिलो पानी | | | |

कुन घोल हो, कुन कोलोइड र कुन सस्पेन्सन?